# सम्पत्ति शुद्धीकरण (मनी लाउन्डरिङ्ग) निवारण ऐन, २०६४

प्रमाणीकरण र प्रकाशन मिति

२०६४।१०। १४

व्यवस्थापिका-संसदले बनाएको २०६४ सालको ऐन न. २४

## सम्पत्ति शुद्धीकरण गर्ने कार्यलाई निवारण गर्न बनेको ऐन

प्रस्तावना : अपराधजन्य कार्यबाट प्राप्त सम्पत्ति शुद्धीकरण गर्ने कार्यलाई निवारण गर्ने सम्बन्धमा कानूनी व्यवस्था गर्न वाञ्छनीय भएकोले,

व्यवस्थापिका-संसदले यो ऐन बनाएको छ ।

## परिच्छेद-१

## प्रारम्भिक

१. संक्षिप्त नाम, विस्तार र प्रारम्भ : (१) यस ऐनको नाम "सम्पत्ति शुद्धीकरण (मनी लाउन्डरिङ्ग) निवारण ऐन, २०६४" रहेको छ ।

(२) यो ऐन नेपालभर लागू हुनेछ र यस ऐन अन्तर्गतको कसूरबाट प्राप्त सम्पत्ति जुनसुकै उपाय वा माध्यमबाट नेपालबाट विदेशमा वा विदेशबाट नेपालमा विप्रेषण (रेमिटेन्स), स्थानान्तरण वा रकमान्तर गर्ने जहाँसुकै रहे बसेको भए पनि जुनसुकै व्यक्ति वा सङ्गठित संस्था समेतलाई लागू हुनेछ ।

(३) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. परिभाषा : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,-

(क) "अनुसन्धान अधिकृत" भन्नाले दफा १५ बमोजिम नियुक्त भएको वा तोकिएको कर्मचारी सम्झनु पर्छ ।

(ख) "कसूर" भन्नाले परिच्छेद-२ अन्तर्गतको कसूर सम्झनु पर्छ ।

(ग) "कारोबार" भन्नाले कुनै आर्थिक वा व्यावसायिक काम कारबाही गर्नको लागि गरिने सम्झौता वा कार्य सम्झनु पर्छ र सो शब्दले सम्पत्तिको खरिद, बिक्री, वितरण, हस्तान्तरण वा लगानी तथा भोगचलन समेतलाई जनाउँछ ।

(घ) "गैर वित्तीय संस्था" भन्नाले देहायको संस्था सम्झनु पर्छ :-

(१) खण्ड (ज) मा उल्लिखित व्यक्ति, फर्म, कम्पनी, संस्था बाहेक क्यासिनो, बहुमूल्य धातु वा पत्थरको व्यापार, व्यवसाय लगायत कुनै व्यापार, व्यवसाय गर्ने उद्देश्यले कानून बमोजिम दर्ता भएको कम्पनी वा फर्म,

(२) कानून बमोजिम दर्ता वा सङ्गठित भए वा नभएको जुनसुकै संस्था,

(३) नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोकेको अन्य कुनै संस्था ।

(ङ) "तोकिएको" वा "तोकिए बमोजिम" भन्नाले यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियममा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ ।

(च) "विभाग" भन्नाले दफा ११ बमोजिमको सम्पत्ति शुद्धीकरण अनुसन्धान विभाग सम्झनु पर्छ ।

(छ) "बैङ्क" भन्नाले बैङ्क तथा वित्तीय संस्था सम्बन्धी प्रचलित कानून बमोजिम "क" वर्गको वित्तीय कारोबार गर्न राष्ट्र बैङ्कबाट इजाजतपत्रप्राप्त बैङ्क सम्झनु पर्छ ।

(ज) "वित्तीय संस्था" भन्नाले बैङ्क तथा वित्तीय संस्था सम्बन्धी प्रचलित कानून बमोजिम "ख", "ग" र "घ" वर्गको वित्तीय कारोबार गर्न राष्ट्र बैङ्कबाट इजाजतपत्रप्राप्त संस्था सम्झनु पर्छ र सो शब्दले प्रचलित कानून बमोजिम दर्ता भएको सहकारी संस्था, विदेशी मुद्राको खरिद, बिक्री वा अन्य कुनै किसिमको कारोबार गर्न इजाजतपत्रप्राप्त व्यक्ति, फर्म, कम्पनी वा संस्था, बीमा व्यवसाय गर्न इजाजत पाएको कम्पनी, बीमा दलाल र धितोपत्र बजार तथा व्यवसाय समेतलाई जनाउँछ ।

(झ) "वित्तीय जानकारी इकाई" भन्नाले दफा ९ बमोजिम गठन भएको वित्तीय जानकारी इकाई सम्झनु पर्छ ।

(ञ) "राष्ट्र बैङ्क" भन्नाले नेपाल राष्ट्र बैङ्क सम्बन्धी प्रचलित कानून बमोजिम स्थापना भएको नेपाल राष्ट्र बैङ्क सम्झनु पर्छ ।

(ट) "राष्ट्र सेवक" भन्नाले प्रचलित कानून बमोजिम राष्ट्र सेवक मानिने व्यक्ति सम्झनु पर्छ ।

(ठ) "शङ्कास्पद कारोबार" भन्नाले सामान्य आर्थिक, व्यापारिक वा व्यवसायको हिसाबले सम्भव नहुने प्रकृतिको कारोबार सम्झनु पर्छ ।

(ड) "सम्पत्ति" भन्नाले जुनसुकै किसिमको चल, अचल, मूर्त वा अमूर्त सम्पत्ति सम्झनु पर्छ ।

(ढ) "सरकारी निकाय" भन्नाले मालपोत कार्यालय, कम्पनी रजिष्ट्रारको कार्यालय सम्झनु पर्छ र सो शब्दले नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोकेको निकाय समेतलाई जनाउँछ ।

परिच्छेद-२

कसूर सम्बन्धी व्यवस्था

३. सम्पत्ति शुद्धीकरण गर्न नहुने : (१) कसैले पनि सम्पत्ति शुद्धीकरण गर्न गराउन हुँदैन ।

(२) कसैले उपदफा (१) बमोजिमको कार्य गरेमा यस ऐन बमोजिमको कसूर गरेको मानिनेछ ।

४. सम्पत्ति शुद्धीकरण गरेको मानिने : कसैले कर छल्ने वा आतङ्ककारी क्रियाकलापबाट आर्जन वा त्यस्तो क्रियाकलापमा लगानी गर्ने कार्य वा देहाय बमोजिमका कुनै वा सबै कसूर गरी प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा प्राप्त गरेको, धारण गरेको, भोगचलन गरेको वा प्रयोग गरेको सम्पत्ति र त्यस्तो सम्पत्ति कुनै प्रकारबाट लगानी गरी प्राप्त गरेको वा भएको वा बढे बढाएको सम्पत्तिलाई कानूनी रुपले प्राप्त गरेको, आर्जन गरेको सम्पत्तिको रुपमा भोगचलन गरेमा, धारण गरेमा वा प्रयोग, उपयोग वा उपभोग गरेमा वा देखाउने कार्य वा अन्य कुनै पनि कार्य गरेमा वा त्यस्तो सम्पत्तिको स्रोत लुकाउने वा त्यस्तो सम्पत्ति प्राप्त गर्ने व्यक्तिलाई कानूनी कारबाहीबाट बचाउने उद्देश्यले त्यस्तो सम्पत्ति रुपान्तरण गर्न, लुकाउन वा स्थानान्तरण गर्न कसैलाई मद्दत गरेमा सम्पत्ति शुद्धीकरण गरेको मानिनेछ :-

(क) हातहतियार खरखजाना सम्बन्धी प्रचलित कानून अन्तर्गतको कसूर,

(ख) विदेशी विनिमय नियमित गर्ने सम्बन्धी प्रचलित कानून अन्तर्गतको कसूर,

(ग) ज्यान, चोरी, ठगी, किर्ते कागज, खोटा चलन, अपहरण वा शरीर बन्धक सम्बन्धी प्रचलित कानून अन्तर्गतको कसूर,

(घ) लागू औषध नियन्त्रण सम्बन्धी प्रचलित कानून अन्तर्गतको कसूर,

(ङ) राष्ट्रिय निकुञ्ज तथा वन्य जन्तु संरक्षण सम्बन्धी प्रचलित कानून अन्तर्गतको कसूर,

(च) मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण सम्बन्धी प्रचलित कानून अन्तर्गतको कसूर,

(छ) सहकारी सम्बन्धी प्रचलित कानून अन्तर्गतको कसूर,

(ज) वन सम्बन्धी प्रचलित कानून अन्तर्गतको कसूर,

(झ) भ्रष्टाचार निवारण सम्बन्धी प्रचलित कानून अन्तर्गतको कसूर,

(ञ) बैङ्क तथा वित्तीय संस्था सम्बन्धी प्रचलित कानून अन्तर्गतको कसूर,

(ट) बैङ्किङ्ग कसूर तथा सजाय सम्बन्धी प्रचलित कानून अन्तर्गतको कसूर,

(ठ) प्राचीन स्मारक संरक्षण सम्बन्धी प्रचलित कानून अन्तर्गतको कसूर,

(ड) नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोकेको अन्य कुनै कानून अन्तर्गतको कसूर,

स्पष्टीकरण : यस दफाको प्रयोजनका लागि कसैले देहायका कुनै महासन्धि अन्तर्गतका कुनै कसूर मानिने कार्य गर्ने वा कुनै व्यक्तिको ज्यान लिने वा अङ्गभङ्ग गर्ने उद्देश्यले वा त्यस्तो कसूर वा कसूर गर्ने कार्यमा रकम खर्च हुन्छ भन्ने थाहा पाई वा थाहा पाउनु पर्ने मनासिब कारण भई कुनै पनि तरिकाले कुनै रकम प्रदान गरेमा वा सङ्कलन गरेमा निजले आतङ्ककारी क्रियाकलापमा लगानी गर्ने कार्य गरेको सम्भन्नु पर्छ :-

(१) सन् १९६३ मा सम्पन्न वायुयानभित्र भएका कसूर तथा अन्य केही कार्य सम्बन्धी टोकियो महासन्धि (टोकियो कन्भेन्सन अन अफेन्सेज एण्ड सर्टेन अदर एक्ट्स कमिटेड अन वोर्ड एअरक्राफ्ट),

(२) सन् १९७० मा हेगमा सम्पन्न भएको वायुयानको गैर कानूनी कब्जाको दमन सम्बन्धी महासन्धि (कन्भेन्सन फर द सप्रेशन अफ अनलफूल सिजर अफ एअरक्र्याफ्ट),

(३) सन् १९७१ मा मन्ट्रियलमा सम्पन्न भएको गैर सैनिक हवाई उडानको सुरक्षाको विरुद्ध गरिने गैर कानूनी कारबाहीको दमन सम्बन्धी महासन्धि ( कन्भेन्सन फर द सप्रेशन अफ अनलफूल एकट्स एगेन्स्ट द सेफ्टी अफ सिभिल एभिएशन),

(४) सन् १९७३ मा सम्पन्न भएको कूटनैतिक प्रतिनिधि लगायत अन्तर्राष्ट्रिय रुपमा संरक्षित व्यक्तिहरु विरुद्धको अपराध निवारण तथा सजाय सम्बन्धी महासन्धि
(कन्भेन्सन अन द प्रिभेन्सन एण्ड पनिश्मेण्ट अफ क्राइम एगेन्स्ट इण्टरनेशनल्ली प्रोटेक्टेड पर्सन्स इन्क्लूडिङ्ग डिप्लोम्याटिक एजेण्ट्स),

(५) सन् १९७९ मा सम्पन्न शरीर बन्धक लिने विरुद्धको महासन्धि (इन्टरनेशनल कन्भेन्सन एगेन्स्ट द टेकिङ्ग अफ होस्टेजेज),

(६) सन् १९८७ मा सम्पन्न आतङ्कवादको दमन सम्बन्धी सार्क क्षेत्रीय महासन्धि (सार्क रिजनल कन्भेन्सन अन सप्रेशन अफ टेरोरिज्म),

(७) आतङ्कवादी काम कारबाहीको विरुद्धका नेपाल पक्ष भएको अन्य कुनै महासन्धि ।

५. उद्योग, मद्दत वा दुरुत्साहन गर्न नहुने : कसैले पनि यस परिच्छेद बमोजिमको कसूर गर्ने उद्योग गर्न, मद्दत गर्न वा दुरुत्साहन गर्न हुँदैन ।

परिच्छेद-३

ग्राहकको पहिचान, कारोबार र विवरण सम्बन्धी व्यवस्था

६. ग्राहकको पहिचान गर्नु पर्ने : (१) कुनै बैङ्क, वित्तीय संस्था वा गैर वित्तीय संस्थाले कुनै व्यक्तिसँग कुनै प्रकारको व्यावसायिक सम्बन्ध स्थापना गर्दा वा राष्ट्र बैङ्कले समय समयमा सूचना प्रकाशन गरी तोकेको रकमभन्दा बढी रकमको एकैपटक वा पटक पटक गरी कारोबार गर्दा त्यस्तो व्यक्तिको पहिचान स्पष्ट रुपमा गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम ग्राहकको पहिचान गर्दा बैङ्क, वित्तीय संस्था वा गैर वित्तीय संस्थाले त्यसरी व्यावसायिक सम्बन्ध स्थापना गर्ने वा कारोबार गर्ने व्यक्तिलाई देहाय बमोजिमका कागजात पेश गर्न लगाउनु पर्नेछ :-

(क) प्राकृतिक व्यक्ति भए निजको नाम, थर, स्थायी बसोबासको ठेगाना खुल्ने नागरिकता वा राहदानी लगायत अन्य आवश्यक कागजातको र पेशा वा व्यवसाय खुल्ने कागजातको प्रतिलिपि,

(ख) खण्ड (क) मा लेखिए बाहेकका व्यक्ति वा फर्म भए संस्थापना, स्थापना वा दर्ता भएको प्रमाणित गर्ने कागजातको प्रतिलिपि, संस्थाका सञ्चालक समितिका सदस्यहरु तथा कार्यकारी निर्देशक वा फर्मको धनी वा साझेदारहरुको नाम, थर, ठेगाना, पेशा, व्यवसाय खुल्ने कागजात,

(ग) कसैको तर्फबाट व्यावसायिक सम्बन्ध स्थापना वा कारोबार गरिने भए जसका तर्फबाट त्यस्तो सम्बन्ध वा कारोबार गर्न खोजिएको हो निजको परिचय, ठेगाना, व्यवसाय खुल्ने अख्तियारनामा सहितको कागजात,

(घ) व्यावसायिक सम्बन्धमा कारोबारबाट लाभ प्राप्त गर्ने निकटतम नातेदार, व्यक्ति वा संस्थाको नाम, थर, ठेगाना,

(ङ) विनिमेय अधिकारपत्रबाट कारोबार भएकोमा त्यस्तो विनिमेयपत्र जारी गर्ने र भुक्तानी पाउने व्यक्तिको नाम तथा ठेगाना, र

(च) वित्तीय जानकारी इकाईले समय समयमा तोकेको अन्य कागजात ।

(३) बैङ्क, वित्तीय संस्था वा गैर वित्तीय संस्थाले प्रत्येक ग्राहकको उपदफा (२) बमोजिमका कागजात र कारोबार मिति तथा प्रकृति, खाता भए त्यस्तो खाताको किसिम, सङ्केत नम्बर समेत समावेश भएको छुट्टै अभिलेख राख्नु पर्नेछ ।

७. <u>सरकारी निकाय, बैङ्क, वित्तीय संस्था र गैर वित्तीय संस्थाको दायित्व</u> : (१) यस ऐनको प्रयोजनको लागि सरकारी निकाय, बैङ्क, वित्तीय संस्था र गैर वित्तीय संस्थाले देहाय बमोजिमको दायित्व पूरा गर्नु पर्नेछ :-

(क) कसैले राष्ट्र बैङ्कले तोकेको रकमभन्दा बढी रकमको एकमुष्ट वा पटक पटक कारोबार गरेमा सोको अभिलेख राख्ने,

(ख) कुनै कारोबार शङ्कास्पद देखिए वा सम्पत्ति शुद्धीकरण गर्ने उद्देश्यले गरेको वा भएको देखिएमा वा शङ्का गर्नु पर्ने मनासिब कारण भएमा सो सम्बन्धमा अनुसन्धान तथा जाँचबुझ गर्ने,

(ग) खण्ड (क) बमोजिमको कारोबारको विवरण सो कारोबार भएका मितिले सात दिनभित्र र खण्ड (ख) बमोजिमको कारोबारको विवरण सम्बन्धमा तुरुन्त वित्तीय जानकारी इकाईलाई जानकारी दिने ।

(२) उपदफा (१) बमोजिम वित्तीय जानकारी इकाईलाई दिइएको विवरणमा कुनै कुरा छूट भएमा वा त्यस्तो कारोबार गर्दाका समयमा सम्बन्धित व्यक्तिले पेश गरेको विवरण वा जानकारीभन्दा फरक विवरण वा जानकारी पछि प्राप्त भएमा सम्बन्धित निकाय, बैङ्क, वित्तीय संस्था वा गैर वित्तीय संस्थाले सोको जानकारी वित्तीय जानकारी इकाईलाई तुरुन्त दिनु पर्नेछ ।

(३) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि नियमित व्यावसायिक सम्बन्ध राख्ने वा कारोबार गर्ने व्यक्तिले गरेको कारोबारका सम्बन्धमा पनि त्यस्तो निकाय, बैङ्क, वित्तीय संस्था वा गैर वित्तीय संस्थालाई शङ्का लागेमा छानबिन गरी सोको जानकारी वित्तीय जानकारी इकाईलाई दिनु पर्नेछ ।

(४) बैङ्क, वित्तीय संस्था वा गैर वित्तीय संस्थाले यस दफा बमोजिमको कारोबारको अभिलेख सो कारोबार भएको मितिले कम्तीमा पाँच वर्षसम्म सुरक्षित राख्नु पर्नेछ ।

## परिच्छेद-४

## <u>समन्वय समिति तथा वित्तीय जानकारी इकाई सम्बन्धी व्यवस्था</u>

८. <u>समन्वय समितिको गठन</u> : (१) सम्पत्ति शुद्धीकरण निवारण गर्ने सम्बन्धमा अन्तर निकाय बीच समन्वय गर्न र नेपाल सरकारलाई आवश्यक सुझाव दिनको लागि देहाय बमोजिमको एक समन्वय समिति रहनेछ :-

(क) सचिव, अर्थ मन्त्रालय - संयोजक

(ख) सचिव, कानून, न्याय तथा संसदीय व्यवस्था मन्त्रालय - सदस्य

(ग) सचिव, गृह मन्त्रालय - सदस्य

(घ) सचिव, परराष्ट्र मन्त्रालय -सदस्य

(ङ) डेपुटी गर्भनर, राष्ट्र बैङ्क - सदस्य

(२) वित्तीय जानकारी इकाईको प्रमुखले उपदफा (१) बमोजिमको समन्वय समितिको सचिवको रुपमा काम गर्नेछ र वित्तीय जानकारी इकाईले समन्वय समितिको सचिवालयको रुपमा काम गर्नेछ ।

(३) उपदफा (१) बमोजिमको समन्वय समितिको बैठक सम्बन्धी कार्यविधि सो समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

९. <u>वित्तीय जानकारी इकाई</u> : (१) सम्पत्ति शुद्धीकरण सम्बन्धी सूचना सङ्कलन तथा विश्लेषण गर्नको लागि राष्ट्र बैङ्कमा एउटा वित्तीय जानकारी इकाई रहनेछ ।

(२) वित्तीय जानकारी इकाईको प्रमुखको नियुक्ति राष्ट्र बैङ्कका कम्तीमा प्रथम श्रेणीका अधिकृतहरुमध्येबाट राष्ट्र बैङ्कको गभर्नरले गर्नेछ ।

(३) वित्तीय जानकारी इकाईको कार्यालय राष्ट्र बैङ्कमा रहनेछ र सो कार्यालयको लागि आवश्यक पर्ने कर्मचारीको व्यवस्था राष्ट्र बैङ्कले गर्नेछ ।

१०. <u>वित्तीय जानकारी इकाईको काम, कर्तव्य र अधिकार</u> : (१) यस ऐनमा अन्यत्र लेखिएको काम, कर्तव्य र अधिकारको अतिरिक्त वित्तीय जानकारी इकाईको अन्य काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) सरकारी निकाय, बैङ्क, वित्तीय संस्था र गैर वित्तीय संस्थाबाट दफा ७ बमोजिमको कारोबारको विवरण सम्बन्धी जानकारी नियमित रुपमा प्राप्त गर्ने र त्यसरी प्राप्त भएको विवरण प्रशोधन गरी अभिलेख राख्ने,

(ख) आफू समक्ष प्राप्त सूचना, विवरण तथा कागजातबाट सम्पत्ति शुद्धीकरणको विषयका सम्बन्धमा जाँचबुझ तथा अनुसन्धान गर्नु पर्ने देखिएमा प्रारम्भिक जाँचबुझ गरी सोको विवरण सम्बन्धित विभाग, सरकारी निकाय, बैङ्क, वित्तीय संस्था र गैर वित्तीय संस्थालाई पठाउने,

(ग) खण्ड (क) बमोजिम प्राप्त विवरण वा खण्ड (ख) बमोजिमको जाँचबुझबाट शङ्कास्पद कारोबार भएको देखिएमा वा शङ्का लागेमा वा अविश्वास गर्नु पर्ने मनासिब आधार भएमा कारबाहीको निमित्त विस्तृत विवरण सहित विभागलाई लेखी पठाउने,

(घ) सम्पत्ति शुद्धीकरण सम्बन्धमा प्राप्त भएका सूचना, विवरण तथा कागजात अन्य मुलुकका वित्तीय जानकारी इकाई र अन्तराष्ट्रिय संघ, संस्थालाई पारस्परिकताको आधारमा उपलब्ध गराउने र त्यस्तो सूचना सम्बन्धित मुलुक तथा अन्तर्राष्ट्रिय संघ संस्थाबाट प्राप्त गर्ने,

(ङ) बैङ्क, वित्तीय संस्था र गैर वित्तीय संस्थाको कारोबार तथा सोको अभिलेखको निरीक्षण गर्ने, कारोबार तथा अभिलेखका सम्बन्धमा कुनै जानकारी वा स्पष्टीकरण लिनु पर्ने भए लिने, कारोबार वा अभिलेखको प्रतिलिपि आवश्यक भए लिने,

(च) सरकारी निकाय, विभाग तथा वित्तीय जानकारी इकाईका कर्मचारीलाई सम्पत्ति शुद्धीकरण निवारण गर्ने सम्बन्धमा आवश्यक तालिमको व्यवस्था गर्ने,

(छ) तोकिए बमोजिमका अन्य काम गर्ने ।

(२) बैङ्क, वित्तीय संस्था र गैर वित्तीय संस्थाको नियमन गर्न कानून बमोजिम अधिकारप्राप्त निकायले वित्तीय जानकारी इकाईबाट आवश्यक सूचना प्राप्त गर्न र सो इकाईलाई आफूसँग भएको सूचना दिन सक्नेछ ।

(३) उपदफा (१) को खण्ड (क) बमोजिमका विवरण, तथ्याङ्क, सूचना तथा जानकारी उपलब्ध गराउने तरिका, ढाँचा, अवधि तथा सो सम्बन्धी अन्य कार्यविधिका सम्बन्धमा वित्तीय जानकारी इकाईले सम्बन्धित बैङ्क, वित्तीय संस्था र गैर वित्तीय संस्थालाई आवश्यक निर्देशन दिन सक्नेछ र त्यस्तो निर्देशनको पालना गर्नु त्यस्तो बैङ्क, वित्तीय संस्था र गैर वित्तीय संस्थाको कर्तव्य हुनेछ ।

## परिच्छेद-५

## विभागको गठन तथा काम, कर्तव्य र अधिकार सम्बन्धी व्यवस्था

११. विभागको स्थापना : (१) यस ऐन अन्तर्गतको कसूरको अनुसन्धान तथा तहकिकात गर्न नेपाल सरकारले एक सम्पत्ति शुद्धीकरण अनुसन्धान विभागको स्थापना गर्नेछ ।

(२) विभागको प्रमुखको रुपमा निजामती सेवाको प्रथम श्रेणीको अधिकृत रहनेछ ।

(३) विभागको सङ्गठनात्मक स्वरुप र विभागलाई आवश्यक पर्ने कर्मचारीको दरबन्दी नेपाल सरकारले तोके बमोजिम हुनेछ ।

(४) विभागको स्थापना नभएसम्म उपदफा (१) बमोजिम कसूरको अनुसन्धान तथा तहकिकात गर्न नेपाल सरकारले कुनै निकायलाई तोक्न सक्नेछ।

१२. <u>अनुसन्धान तथा तहकिकात सम्बन्धमा विभागको अधिकार</u> : (१) यस ऐन अन्तर्गतको कसूरको अनुसन्धान तथा तहकिकातको सिलसिलामा विभागले देहायको अधिकार प्रयोग गर्न सक्नेछ :-

(क) सम्बन्धित सरकारी निकाय, बैङ्क, वित्तीय संस्था वा गैर वित्तीय संस्थालाई त्यस्तो निकाय, बैङ्क, वित्तीय संस्था वा गैर वित्तीय संस्थासँग रहेको सम्बद्ध कागजात, प्रमाण वा अन्य आवश्यक कुरा निश्चित समयभित्र विभाग समक्ष पेश गर्न आदेश दिने,

(ख) सम्बन्धित सरकारी निकाय, बैङ्क, वित्तीय संस्था वा गैर वित्तीय संस्था रहेको स्थान वा अन्य जुनसुकै स्थानको खानतलासी लिने, सम्बन्धित कागजात, लिखत, दशी प्रमाण र अन्य प्रमाण बरामद गर्ने, आफ्नो कब्जामा लिने र सोको भरपाई सम्बन्धित पदाधिकारीलाई दिने,

(ग) सम्बन्धित सरकारी निकाय, बैङ्क, वित्तीय संस्था वा गैर वित्तीय संस्थाको सम्बन्धित पदाधिकारी वा सम्बद्ध तथ्यको जानकारी भएको भन्ने विभागले सम्झेको अन्य कर्मचारी वा सम्बद्ध व्यक्तिलाई उपस्थित गराई सोधपुछ गर्ने, निजको बयान लिने वा निजसँग स्पष्टीकरण माग गर्ने,

(घ) खण्ड (ग) बमोजिम सोधपुछ, बयान वा स्पष्टीकरण लिइसकेपछि त्यस्तो व्यक्तिलाई आवश्यकता अनुसार खोजेका बखत हाजिर हुने कागज गराई छाड्ने वा तारेखमा राख्ने वा निज फरार भै बेपत्ता हुन सक्छ भनी विश्वास गर्नु पर्ने मनासिब कारण भएमा निजसँग प्रचलित कानून बमोजिम धरौटी वा जमानत मागी निजलाई तारेखमा छाड्ने र त्यस्तो धरौटी वा जमानत नदिएमा अदालतको अनुमति लिई थुनामा राख्ने,

तर त्यसरी थुनामा राख्दा सम्बन्धित व्यक्तिलाई यस ऐन बमोजिमको कसूर ठहरेमा हुन सक्ने सजायभन्दा बढी अवधि थुनामा राख्न सकिने छैन।

(ङ) नेपाल पक्ष भएको द्विपक्षीय वा बहुपक्षीय सन्धि, सम्झौता वा त्यस्तै कुनै व्यवस्थाको आधारमा यस ऐन अन्तर्गतको कसूर भएको मुलुकबाट वा कुनै अन्तर्राष्ट्रिय सङ्गठनबाट सम्बन्धित व्यक्तिको नेपालभित्र रहेको कुनै सम्पत्ति रोक्का राख्न अनुरोध भई आएमा त्यस्तो सम्पत्ति रोक्का राख्न सम्बन्धित निकायलाई आदेश दिने,

(च) यस ऐन अन्तर्गतको कसूरको अनुसन्धान तथा तहकिकातको सिलसिलामा कसूरसँग सम्बन्धित सम्पत्ति रोक्का गर्न लगाउने ।

(२) विभागले यस ऐन अन्तर्गतको कसूरको अनुसन्धान तथा तहकिकातको सिलसिलामा कुनै लिखत वा अन्य कुनै कुरा पेश गर्न, सम्पत्ति रोक्का गर्न वा कुनै कुराको जानकारी दिन कुनै सरकारी निकाय, बैङ्क, वित्तीय संस्था वा गैर वित्तीय संस्थालाई लेखी पठाएकोमा त्यस्तो लिखत वा अन्य कुनै कुरा पेश नगर्ने, सम्पत्ति रोक्का नगर्ने वा जानकारी नदिने निकाय, बैङ्क, वित्तीय संस्था, गैर वित्तीय संस्थाको सम्बन्धित पदाधिकारी, कर्मचारी वा प्रतिनिधिलाई र त्यस्तो निकाय, बैङ्क, वित्तीय संस्था वा गैर वित्तीय संस्थाको कुनै पदाधिकारी वा कर्मचारीलाई विभाग समक्ष उपस्थित हुन आदेश दिएकोमा त्यस्तो आदेश बमोजिम उपस्थिति नहुने पदाधिकारी वा कर्मचारीलाई पक्राउ गरी त्यस्तो लिखत वा अन्य कुनै कुरा पेश गर्न, सम्पत्ति रोक्का राख्न वा आवश्यक जानकारी दिन लगाई एक हजार रुपैयाँसम्म जरिबाना गर्न सक्नेछ ।

## परिच्छेद-६

## अनुसन्धान तथा तहकिकात सम्बन्धी व्यवस्था

१३. उजुरी गर्न सकिने : (१) यस ऐन अन्तर्गत कसूर मानिने कुनै काम कारबाही कसैले गरेको, गर्न लागेको वा गरिरहेको कुरा थाहा पाउने कुनै पनि व्यक्तिले विभाग समक्ष लिखित वा मौखिक रुपमा उजुरी, निवेदन, जानकारी वा सूचना दिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिमको उजुरी, निवेदन, जानकारी वा सूचना लिखित रुपमा प्राप्त भएमा विभागले त्यस्तो सूचना दर्ता गर्नु पर्नेछ र मौखिक रुपमा प्राप्त भएकोमा त्यस्तो उजुरी, सूचना वा जानकारीलाई लिखित रुप दिई दर्ता गर्नु पर्नेछ ।

१४. अनुसन्धान तथा तहकिकात : (१) दफा १३ बमोजिमको उजुरी वा दफा १० को उपदफा (१) को खण्ड (ग) बमोजिमको जानकारी वा अन्य कुनै तरिका वा स्रोतबाट यस ऐन बमोजिमको कसूर भएको, भइरहेको वा हुन लागेको जानकारी प्राप्त भएमा विभागले सो सम्बन्धमा आवश्यक अनुसन्धान तथा तहकिकात गर्नेछ ।

(२) यस ऐन अन्तर्गतको कुनै कसूर गरेको, गरिरहेको वा गर्न लागेको छ भन्ने कुराको जानकारी भई तत्काल केही नगर्दा त्यस्तो कसूरमा संलग्न व्यक्ति फरार हुन सक्ने वा निजले प्रमाण वा कागजात नष्ट गर्न, लुकाउन वा हेरफेर गर्न सक्ने कुरामा विश्वास गर्नु पर्ने मनासिब कारण भएमा विभागले त्यस्तो कसूर भएको, भइरहेको वा हुन लागेको स्थानमा तत्काल खानतलासी गरी कुनै कागजात वा सम्पत्ति कब्जामा लिन वा कसूरसँग सम्बन्धित मानिस पक्राउ गर्ने लगायतका मौका तहकिकात सम्बन्धी काम गर्न सक्नेछ ।

(३) उपदफा (१) बमोजिम अनुसन्धान तथा तहकिकात गर्दा विभागले सम्बन्धित सरकारी वकीलको राय लिनु पर्नेछ ।

१५. <u>अनुसन्धान अधिकृत नियुक्त गर्ने वा तोक्ने</u> : (१) यस ऐन अन्तर्गतको कसूरको अनुसन्धान तथा तहकिकात गर्न विभागले आवश्यकता अनुसार विभागको कुनै अधिकृत कर्मचारी, अन्य सरकारी अधिकृत कर्मचारी वा सार्वजनिक संस्थाको कुनै अधिकृत कर्मचारीलाई अनुसन्धान अधिकृत नियुक्त गर्न वा तोक्न सक्नेछ ।

(२) कुनै सरकारी निकाय वा सार्वजनिक संस्थाको कर्मचारीलाई अनुसन्धान अधिकृत नियुक्त गर्दा वा तोक्दा विभागले सम्बन्धित निकाय वा संस्थाको प्रमुखसँग परामर्श गर्नु पर्नेछ ।

१६. <u>अनुसन्धान अधिकृतको काम, कर्तव्य र अधिकार</u> : (१) दफा १५ बमोजिम नियुक्त वा तोकिएको अनुसन्धान अधिकृतको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) कसूरको आरोप लागेको व्यक्तिलाई तत्काल गिरफ्तार गरी आवश्यक कारबाही गर्ने,

(ख) कसूरको अनुसन्धान तथा तहकिकात गर्दा वा सबुद प्रमाण सङ्कलन गर्दा जुनसुकै कार्यालय, घर, भवन, गोदाम, सवारी साधन वा अन्य कुनै स्थानको खानतलासी लिने वा लिन लगाउने,

(ग) विभागलाई भएको अन्य अधिकार प्रयोग गर्ने ।

(२) उपदफा (१) बमोजिमको काम गर्दा अभियुक्तलाई तारेखमा राख्ने, धरौटी वा जमानत लिई छाड्न, धरौटी राख्न वा जमानत दिन नसकेमा अदालतको अनुमति लिई थुनामा राख्न समेत सकिनेछ ।

१७. <u>अनुसन्धान तथा तहकिकातका लागि थुनामा राख्ने</u> : (१) यस ऐन अन्तर्गतको कसूरमा कारबाही चलाइएको व्यक्तिले कुनै प्रमाण लोप वा नाश गर्न सक्ने वा अनुसन्धान तथा तहकिकातको कारबाहीमा बाधा अवरोध गर्ने वा प्रतिकूल प्रभाव पार्न सक्ने पर्याप्त कारण भएमा अनुसन्धान अधिकृतले निजलाई पक्राउ गरी प्रचलित कानून बमोजिम थुनुवा पुर्जी दिई थुनामा राख्न सक्नेछ ।

(२) यस ऐन बमोजिम पक्राउ परेको व्यक्तिका सम्बन्धमा अनुसन्धान तथा तहकिकात गर्न चौबीस घण्टाभन्दा बढी समय लाग्ने भएको अवस्थामा अनुसन्धान अधिकृतले निजलाई मुद्दा हेर्ने अधिकारी समक्ष उपस्थित गराई त्यस्तो अधिकारीको अनुमति लिई थुनामा राख्नु पर्नेछ ।

(३) उपदफा (२) बमोजिम थुनामा राख्ने अनुमतिको लागि पेश गर्दा विभागले मुद्दा हेर्ने अधिकारी समक्ष पक्राउ वा थुनामा परेको व्यक्तिलाई लागेको अभियोग, त्यसको कारण तथा आधार,

निजको बयान भएको भए बयानको व्यहोरा तथा निजलाई थुनामै राखी अनुसन्धान तथा तहकिकात गर्नु पर्ने कारण स्पष्ट रुपमा उल्लेख गर्नु पर्नेछ ।

(४) उपदफा (३) बमोजिम थुनामै राखी अनुसन्धान तथा तहकिकात गर्न माग गरिएकोमा मुद्दा हेर्ने अधिकारीले सम्बन्धित कागजात हेरी अनुसन्धान तथा तहकिकात सन्तोषजनक रुपमा भए वा नभएको विचार गरी अनुसन्धान तथा तहकिकात सन्तोषजनक रुपमा भइरहेको देखिएमा एकैपटक वा पटक पटक गरी तीस दिनमा नबढ्ने गरी नब्बे दिनसम्म थुनामा राख्न अनुमति दिन सक्नेछ ।

(५) उपदफा (२) बमोजिम थुनामा राख्न अनुमति माग गरिएकोमा थुनामा रहेको व्यक्तिले थुनामा रहन नपर्ने कारण र आधार खुलाई मुद्दा हेर्ने अधिकारी समक्ष निवेदन दिन सक्नेछ ।

१८. सम्पत्ति रोक्का राख्न आदेश दिन सक्ने : (१) यस ऐन बमोजिम अनुसन्धान तथा तहकिकात गर्दा कसैले कसूरबाट प्राप्त सम्पत्ति हस्तान्तरण, बिक्री वितरण गर्न वा कुनै उपायले लुकाउन वा परिवर्तन गर्न सक्छ भनी विश्वास गर्नु पर्ने मनासिब आधार विद्यमान भएमा विभाग वा अनुसन्धान अधिकृतले त्यस्तो सम्पत्ति निश्चित समयसम्म हस्तान्तरण गर्न, धितो वा बन्धक दिन वा बिक्री वितरण गर्नबाट रोक लगाउनको लागि सम्बन्धित निकायलाई आदेश दिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम सम्पत्ति रोक लगाउन लेखी आएमा सम्बन्धित निकायले त्यस्तो सम्पत्ति हस्तान्तरण गर्न, धितो वा बन्धक दिन वा बिक्री वितरण हुन नसक्ने गरी रोक्का राखिदिनु पर्नेछ ।

(३) उपदफा (१) बमोजिमको आदेश विपरीत रोक्का नराख्ने निकायका प्रमुखलाई अनुसन्धान अधिकृतको प्रतिवेदन बमोजिम विभागले पचास हजार रुपैयाँसम्म जरिबाना गर्न सक्नेछ ।

१९. कारोबार वा खाता रोक्का राख्न सक्ने : प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि यस ऐन अन्तर्गतको कसूरको अनुसन्धान तथा तहकिकात गर्दा कुनै व्यक्तिको कुनै बैङ्क, वित्तीय संस्था वा गैर वित्तीय संस्थासँग कारोबार वा खाता रहेको जानकारी प्राप्त भएमा विभागले त्यस्तो कारोबार वा खाता तत्काल रोक्का राख्न त्यस्तो बैङ्क, वित्तीय संस्था वा गैर वित्तीय संस्थालाई आदेश दिन सक्नेछ ।

तर विदेशस्थित बैङ्क, वित्तीय संस्था, गैर वित्तीय संस्था वा व्यक्तिसँग गरेको कारोबार वा रहेको खाता रोक्का राख्न विभागले कूटनैतिक माध्यम मार्फत अनुरोध गर्नु पर्नेछ ।

२०. <u>कब्जा गरिएको सम्पत्ति तथा लिखत सुरक्षित राख्नु पर्ने</u> : अनुसन्धान अधिकृतले यस ऐन बमोजिम अनुसन्धान तथा तहकिकातको सिलसिलामा कब्जा गरेको सम्पत्ति तथा सोसँग सम्बन्धित लिखत सुरक्षित राख्नु पर्नेछ।

२१. <u>सम्बन्धित निकायको सहयोग लिन सकिने</u> : (१) यस ऐन अन्तर्गतको कसूरको अनुसन्धान तथा तहकिकातको सिलसिलामा विभागले आवश्यकता अनुसार कुनै निकाय वा सार्वजनिक संस्थाको सहयोग माग गर्न सक्नेछ र विभागले यसरी सहयोग मागेका बखत सहयोग गर्नु त्यस्तो निकाय वा संस्थाको कर्तव्य हुनेछ।

(२) विभागले यस ऐन अन्तर्गतको कसूरमा अनुसन्धान तथा तहकिकात गर्ने सिलसिलामा नेपाल प्रहरीको समेत सहयोग माग्न सक्छ । विभागले यसरी सहयोग मागेमा सहयोग गर्नु सम्बन्धित प्रहरी अधिकृत वा कर्मचारीको कर्तव्य हुनेछ।

(३) विभागले अनुसन्धान तथा तहकिकात गर्न लागेको कसूरको प्रकृतिबाट कुनै निकायमा कार्यरत कुनै विशेषज्ञसँग परामर्श गर्नु पर्ने वा त्यस्तो विशेषज्ञलाई समेत अनुसन्धान तथा तहकिकातमा संलग्न गराउनु पर्ने देखेमा निजलाई केही अवधिको लागि काजमा पठाइदिन सम्बन्धित निकायसँग अनुरोध गर्न सक्नेछ र यसरी अनुरोध भई आएमा प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि त्यस्तो निकायले विभागलाई सम्बन्धित विशेषज्ञ उपलब्ध गराई दिनु पर्नेछ।

२२. <u>मुद्दा दायर गर्नु पर्ने</u> : (१) अनुसन्धान तथा तहकिकातबाट कसैले यो ऐन अन्तर्गतको कसूर गरेको देखिन आएमा विभागले निजका विरुद्ध मुद्दा चलाउने नचलाउने निर्णयका लागि सम्बन्धित सरकारी वकील समक्ष लेखि पठाउनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम लेखि पठाएकोमा मुद्दा चलाउने गरी सम्बन्धित सरकारी वकीलबाट निर्णय भई आएमा विभागले नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोकिदिएको अदालत समक्ष मुद्दा दायर गर्नेछ।

२३. <u>हदम्याद</u> : यस ऐन अन्तर्गतको कसूर सम्बन्धी मुद्दा दायर गर्न हदम्याद लाग्ने छैन।

२४. <u>सरकारवादी हुने</u> : यस ऐन अन्तर्गतको कसूर सम्बन्धी मुद्दा–नेपाल सरकारवादी हुनेछ।

२५. <u>प्रचलित कानून बमोजिम मुद्दा चलाउन बाधा नपर्ने</u> : (१) यस ऐन अन्तर्गत कसूर मानिने कार्य प्रचलित अन्य कानून बमोजिम समेत दण्डनीय हुने रहेछ भने त्यस्तो कानून बमोजिम समेत मुद्दा दायर गर्न सकिनेछ।

(२) प्रचलित कुनै कानून अन्तर्गतको कसूरमा संलग्न व्यक्तिले यस ऐन अन्तर्गत कसूर मानिने कार्य गरेको देखिएमा त्यस्तो कसूर अनुसन्धान तथा तहकिकात गर्ने निकाय वा अधिकारीले विभागलाई सोको जानकारी दिनु पर्नेछ।

२६. <u>गोप्यता भङ्ग गर्न नहुने</u> : अनुसन्धान अधिकृत वा अनुसन्धान तथा तहकिकातको काममा संलग्न कर्मचारी वा व्यक्तिले यस ऐन बमोजिम अनुसन्धान तथा तहकिकातको सिलसिलामा वा आफ्नो कर्तव्य पालन गर्दा निजलाई ज्ञात हुन आएको कुनै कुरा वा दाखिला भएको कुनै लिखतको गोप्यता प्रचलित कानूनले बाध्य गरेको अवस्थामा बाहेक अन्य अवस्थामा भङ्ग गर्नु हुँदैन ।

२७. <u>स्वतः निलम्बन हुने</u> : कुनै बैङ्क, वित्तीय संस्था वा गैर वित्तीय संस्थाको पदाधिकारी वा कर्मचारी वा कुनै राष्ट्र सेवक यस ऐन बमोजिम थुनामा रहेकोमा त्यसरी थुनामा रहेको अवधिभर र निजउपर दफा २२ बमोजिम मुद्दा दायर भएकोमा सो मुद्दाको किनारा नभएसम्म त्यस्तो कर्मचारी, पदाधिकारी वा राष्ट्र सेवक स्वतः निलम्बन भएको मानिनेछ ।

२८. <u>सम्पत्ति शुद्धीकरण गरी सम्पत्ति आर्जन गरेको मानिने</u> : यस ऐन अन्तर्गतको कसूरमा मुद्दा चलाइएको व्यक्तिको आयस्रोत वा आर्थिक अवस्थाको तुलनामा निजको सम्पत्ति अस्वाभाविक देखिन आएमा वा निजले अस्वाभाविक उच्च जीवनस्तर यापन गरेमा वा आफ्नो हैसियतभन्दा बढी कसैलाई दान, दातव्य, उपहार, सापटी, चन्दा वा बकस दिएको प्रमाणित भएमा निजले त्यस्तो सम्पत्ति के कस्तो स्रोतबाट आर्जन गरेको हो भन्ने कुरा प्रमाणित गर्नु पर्नेछ र त्यसरी प्रमाणित गर्न नसकेमा त्यस्तो सम्पत्ति यस ऐन अन्तर्गतको कसूर गरी प्राप्त गरेको मानिनेछ ।

२९. <u>कसूर प्रमाणित हुन नपर्ने</u> : यस ऐन तथा प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि दफा ३ बमोजिमको कसूरमा सजाय गर्नको लागि दफा ४ मा उल्लिखित कार्य वा कसूर भएको कुरा प्रमाणित हुन आवश्यक हुने छैन र त्यस्तो कार्य वा कसूर सम्बन्धी मुद्दा नचलेको वा चलेकोमा पनि खारेज भएको वा नठहरेको कारणले मात्र दफा ३ बमोजिमको कसूरमा सजाय गर्न बाधा पुगेको मानिने छैन ।

## परिच्छेद-७

## <u>दण्ड सजाय</u>

३०. <u>कसूर गर्नेलाई हुने सजाय</u> : (१) दफा ३ बमोजिमको कसूर गर्नेलाई कसूरको मात्रा अनुसार देहाय बमोजिमको सजाय हुनेछ :-

(क) कुनै व्यक्ति वा बैङ्क, वित्तीय संस्था वा गैर वित्तीय संस्थाले कसूर गरेको रहेछ भने त्यस्तो व्यक्ति वा बैङ्क, वित्तीय संस्था वा गैर वित्तीय संस्थाको कसूर गर्ने कर्मचारी वा निजको पहिचान हुन नसकेमा कसूर गर्दाको बखतमा प्रमुख भई काम काज गर्ने व्यक्तिलाई बिगो बमोजिमको जरिबाना वा एक वर्षदेखि चार वर्षसम्म कैद वा दुवै सजाय,

(ख) राष्ट्र सेवक वा बैङ्क, वित्तीय संस्था वा गैर वित्तीय संस्थाको पदाधिकारी, प्रमुख वा कर्मचारीले कसूर गरेको रहेछ भने खण्ड (क) मा लेखिएको सजायमा थप दश प्रतिशत सजाय ।

(२) यस ऐन अन्तर्गतको कसूर गर्न उद्योग गर्ने वा गराउन मद्दत गर्ने वा दुरुत्साहन गर्ने व्यक्तिलाई कसूरदारलाई हुने सजायको आधा सजाय हुनेछ ।

३१. जरिबाना गर्न सक्ने : (१) वित्तीय जानकारी इकाईलाई दफा ७ र दफा १० को खण्ड (क) बमोजिमको जानकारी उपलब्ध नगराउने बैङ्क वा वित्तीय संस्थालाई पाँच लाख रुपैयाँ र गैर वित्तीय संस्थालाई कसूरको मात्रा अनुसार पच्चीस हजार रुपैयाँदेखि एक लाख रुपैयाँसम्म जरिबाना हुनेछ ।

(२) उपदफा (१) बमोजिमको सजाय वित्तीय जानकारी इकाईले गर्नेछ र सो सजायमा चित्त नबुझ्ने व्यक्तिले पुनरावेदन अदालतमा त्यस्तो जरिबाना भएको मितिले पैंतीस दिनभित्र पुनरावेदन दिन सक्नेछ ।

३२. प्रमाण लुकाउने वा नष्ट गर्नेलाई हुने सजाय : यस ऐन अन्तर्गतको कसूर मानिने काम कारबाहीसँग सम्बन्धित प्रमाण लुकाउने वा नष्ट गर्ने व्यक्तिलाई कसूरको मात्रा अनुसार एक महिनादेखि तीन महिनासम्म कैद वा पचास हजारदेखि एक लाख रुपैयाँसम्म जरिबाना वा दुवै सजाय हुनेछ र त्यस्तो कार्य गर्न सहयोग गर्नेलाई सो सजायको आधा सजाय हुनेछ ।

३३. बाधा विरोध गर्नेलाई सजाय : यस ऐन अन्तर्गतको अनुसन्धान तथा तहकिकात सम्बन्धी काम कारबाहीमा कसैले बाधा विरोध गरेमा निजलाई अनुसन्धान अधिकृतको प्रतिवेदनको आधारमा मुद्दा हेर्ने अधिकारीले छ महिनासम्म कैद वा पाँच हजार रुपैयाँसम्म जरिबाना वा दुवै सजाय गर्न सक्नेछ ।

३४. सम्पत्ति जफत हुने : (१) यस ऐन बमोजिमको कसूरबाट प्राप्त सम्पत्ति र त्यस्तो सम्पत्तिबाट बढे बढाएको र सो कसूर गर्न प्रयोग भएको सम्पत्ति जफत हुनेछ ।

(२) उपदफा (१) बमोजिमको सम्पत्तिको हक कसैलाई हस्तान्तरण गरिसकेको र त्यसरी हस्तान्तरण गर्दा थैली कायम भएको रहेछ भने सो थैली कपाली सरह हुनेछ ।

## परिच्छेद-८

## विविध

३५. राहदानी रोक्का राख्न सक्ने : कसूर गरेको परिस्थिति र कसूरको मात्राको आधारमा कसूरमा संलग्न व्यक्तिको राहदानी रोक्का राख्न आवश्यक भएमा प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि विभागले निजको नाममा नयाँ राहदानी जारी नगर्न वा जारी भइसकेको राहदानी रोक्का राख्न सम्बन्धित कार्यालयलाई आदेश दिन सक्नेछ ।

३६. <u>सम्पत्ति फुकुवा गर्नु पर्ने</u> : दफा १८ बमोजिम रोक्का राखिएको सम्पत्ति यस ऐन अन्तर्गतको कसूरबाट प्राप्त भएको नदेखिएमा कसूर सम्बन्धमा मुद्दा दायर भइनसकेको भए विभागले र मुद्दा दायर भएको भए मुद्दाको सुनुवाई गर्ने अदालतले त्यस्तो सम्पत्ति रोक्का राख्ने निकायलाई त्यस्तो सम्पत्ति फुकुवा गर्ने आदेश दिनेछ र त्यसरी आदेश भएकोमा त्यस्तो निकायले त्यस्तो रोक्का सम्पत्ति फुकुवा गरिदिनु पर्नेछ ।

३७. <u>जानकारी उपलब्ध गराए बापत जवाफदेही हुनु नपर्ने</u> : कुनै सरकारी निकाय, बैङ्क, वित्तीय संस्था वा गैर वित्तीय संस्था वा त्यस्तो बैङ्क, वित्तीय संस्था वा गैर वित्तीय संस्थाका कुनै कर्मचारी, पदाधिकारी वा प्रतिनिधिले यस ऐनको अधीनमा रही दफा ७ र १० को खण्ड (क) मा व्यवस्था भए बमोजिमको कुनै विवरण वित्तीय जानकारी इकाईलाई उपलब्ध गराएको कारणबाट सम्बन्धित व्यक्तिलाई कुनै हानि नोक्सानी भएमा त्यस्तो हानि नोक्सानीका लागि त्यस्तो निकाय, बैङ्क, वित्तीय संस्था वा गैर वित्तीय संस्था वा त्यस्तो निकाय, बैङ्क, वित्तीय संस्था वा गैर वित्तीय संस्थाका कर्मचारी, पदाधिकारी वा प्रतिनिधिमाथि कुनै कारबाही हुने छैन ।

३८. <u>लिलाम बिक्री गर्न सकिने</u> : (१) यस ऐन अन्तर्गत सजाय हुने कसूरका सम्बन्धमा कब्जा गरिएको कुनै मालवस्तु लामो समयसम्म राखिरहँदा खिया लागी वा अरु कुनै परिबन्दबाट टूटफूट वा नोक्सान हुन सक्ने देखिएमा, सडी गली जाने भएमा, पुरानो भई मूल्य घट्न जाने भएमा वा स्थानाभावको कारणले सम्भार गर्न वा राख्न नसकिने भएमा प्रचलित कानून बमोजिमको प्रक्रिया पूरा गरी त्यस्तो मालवस्तु लिलाम बिक्री गर्न सकिनेछ ।

(२) उपदफा (१) बमोजिम गरिएको लिलामबाट प्राप्त आम्दानी धरौटी खातामा जम्मा गरिनेछ र त्यस्तो मालवस्तु पछि सम्बन्धित व्यक्तिलाई फिर्ता दिने ठहर भएमा लिलाम बिक्रीबाट प्राप्त रकम मात्र निजलाई फिर्ता दिइनेछ ।

३९. <u>अनुसन्धान तथा तहकिकातमा संलग्न कर्मचारीलाई विभागीय सजाय हुने</u> : यस ऐन अन्तर्गतको कसूरको अनुसन्धान तथा तहकिकात वा अन्य कार्य गर्दा अनुसन्धान अधिकारीले वा विभागको कुनै कर्मचारीले जानी जानी कसैलाई दुःख हैरानी वा झण्झट दिने नियतले कुनै काम कारबाही गरेमा प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि त्यस्तो कर्मचारी विभागको प्रमुख भए सम्बन्धित मन्त्रालयको सचिवले र अन्य कर्मचारी भए विभागको प्रमुखले विभागीय सजाय गर्नु पर्नेछ ।

४०. <u>म्याद तामेल सम्बन्धी व्यवस्था</u> : (१) प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि यस ऐन अन्तर्गतको कसूरमा विदेशी व्यक्तिको नाममा म्याद तामेल गर्नु पर्दा त्यस्तो व्यक्तिको नेपालभित्र कुनै किसिमको कार्यालय वा प्रतिनिधि भए त्यस्तो कार्यालय वा प्रतिनिधिको नाममा म्याद तामेल गरिनेछ र त्यसरी तामेल भएको म्याद रीतपूर्वक तामेल भएको मानिनेछ ।

(२) उपदफा (१) बमोजिमको कार्यालय वा प्रतिनिधि नभएमा त्यस्तो व्यक्तिको कारोबार हुने मुख्य स्थान वा निजले स्थायी बसोबास गर्ने ठेगाना वा कारोबार गर्दाको बखत पत्राचारको लागि निजले दिएको कुनै ठेगाना रहेछ भने त्यस्तो ठेगानामा टेलेक्स, टेलिफ्याक्स वा अभिलेख हुन सक्ने दूरसञ्चारका अन्य माध्यम मार्फत वा रजिष्टरी गरी हुलाक मार्फत म्याद तामेल गरिनेछ र त्यसरी तामेल भएको म्याद रीतपूर्वक तामेल भएको मानिनेछ।

(३) उपदफा (१) वा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि विदेशमा रहे बसेको व्यक्तिको नाममा म्याद तामेल गर्न नेपाल सरकार वा नेपाल पक्ष भएको कुनै सन्धिमा छुट्टै व्यवस्था भएको रहेछ भने सोही बमोजिम म्याद तामेल गर्न यस दफाले बाधा पुऱ्याएको मानिने छैन।

४१. सूचना प्रकाशन गर्ने : यस ऐन वा अन्य प्रचलित कानून बमोजिम कुनै व्यक्तिको नाममा सूचना पठाउँदा वा म्याद तामेल गर्दा त्यस्तो व्यक्तिको ठेगाना पत्ता नलागी वा अन्य कुनै कारणले त्यस्तो सूचना बुझाउन नसकिएको वा म्याद तामेल हुन नसकेको कुराको प्रतिवेदन पर्न आएमा प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि त्यस्तो व्यक्तिलाई तीस दिनसम्मको म्याद दिई अनुसन्धान भएको वा मुद्दा हेर्ने अधिकारी समक्ष मुद्दा दायर भइसकेको भए सो विषयको संक्षिप्त विवरण उल्लेख गरी उपस्थित हुन राष्ट्रिय स्तरको समाचारपत्रमा (विदेशीको हकमा अंग्रेजी दैनिकमा) कम्तीमा दुईपटक सार्वजनिक सूचना प्रकाशन गरिनेछ र त्यसरी सूचना प्रकाशन भएकोमा यस ऐन वा अन्य प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि त्यस्तो व्यक्तिलाई रीतपूर्वक सूचना दिइएको वा म्याद तामेल भएको मानिनेछ।

४२. विदेशी व्यक्तिको सम्पत्ति रोक्का राख्न आदेश दिने : (१) अनुसन्धान अधिकृतले दिएको सूचना वा दफा ४० बमोजिम तामेल भएको म्याद बमोजिम अनुसन्धान अधिकृत समक्ष उपस्थित नहुने कुनै विदेशी व्यक्तिको नेपालभित्र कुनै सम्पत्ति, हक, हित वा सरोकार रहेछ भने त्यस्तो व्यक्ति अनुसन्धान अधिकृत समक्ष उपस्थित नभएसम्म त्यस्तो सम्पत्ति, हक, हित वा सरोकार अनुसन्धान अधिकृतले तोके बमोजिम यथास्थितिमा राख्न वा नेपालबाहिर लैजान नपाउने गरी अनुसन्धान अधिकृतले आदेश दिन सक्नेछ र त्यस्तो आदेशको पालना गर्नु सम्बन्धित सबैको कर्तव्य हुनेछ।

(२) उपदफा (१) बमोजिमको आदेश पालन नगर्ने व्यक्तिलाई अनुसन्धान अधिकृतले एक लाख रुपैयाँसम्म जरिबाना गर्न सक्नेछ र त्यस्तो आदेश पालन नगरेको कारणबाट नेपाल सरकार वा सार्वजनिक संस्थालाई कुनै किसिमको हानि, नोक्सानी भएको रहेछ भने सो समेत निजबाट भराइनेछ।

४३. मुद्दाको कारबाही र किनारा गर्न बाधा नपर्ने : प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि यस ऐन अन्तर्गतको मुद्दा दायर हुनु अगावै वा दायर भएपछि अभियुक्त वा प्रतिवादीको मृत्यु भएमा पनि मुद्दाको कारबाही र किनारा गर्न बाधा पर्ने छैन।

४४. <u>सजायको मागदाबीमा छुट हुन सक्ने</u> : यस ऐन बमोजिमको अनुसन्धान तथा तहकिकातको काम कारबाहीमा सहयोग गर्ने अभियुक्तलाई अनुसन्धान अधिकृतले आफ्नो साक्षीको रुपमा प्रस्तुत गरी निजलाई सजायको मागदाबीमा पूर्ण वा आंशिक छूट दिन सक्नेछ ।

तर निजले गरेको सहयोग अन्य सबुद वा प्रमाणबाट प्रमाणित नभएमा वा निजले मुद्दा हेर्ने अधिकारी समक्ष अनुसन्धान अधिकृतलाई गरेको सहयोग प्रतिकूल हुने गरी बयान दिएमा यस ऐन वा प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि निजउपर पुनः मुद्दा दायर गर्न सकिनेछ ।

४५. <u>पुरस्कार दिने</u> : (१) यस ऐन अन्तर्गतको कसूर गरेको सुराक लगाई उजुरी गरी तत्सम्बन्धी अनुसन्धान तथा तहकिकात वा अन्य सबुद प्रमाण सङ्कलनमा सहयोग पुऱ्याउने कुनै पनि व्यक्तिलाई कसूर प्रमाणित भई कायम भएको बिगो रकमको दश प्रतिशत वा दश लाखमध्ये जुन घटी हुन्छ सो बराबरको रकम पुरस्कार स्वरुप दिइनेछ ।

(२) उपदफा (१) बमोजिमको व्यक्ति एकभन्दा बढी भएमा दामासाहीका दरले त्यस्तो रकम दिइनेछ ।

४६. <u>नियम बनाउन सक्ने</u> : यस ऐनको उद्देश्य कार्यान्वयन गर्न नेपाल सरकारले आवश्यक नियमहरु बनाउन सक्नेछ ।